संघीय संसद
राष्ट्रिय सभा
चौधौं अधिवेशन
बैठक-५
सूचनापत्र-२
(बैठकको कामकारबाहीको सङ्क्षिप्त विवरण)

*बैठक प्रारम्भ : ०६:२७ बजे*
*बैठक स्थगित : ०६:३४ बजे*

२०८० जेठ ५ गते, शुक्रवार(दोश्रो)

---

संघीय संसद, राष्ट्रिय सभाको चौधौं अधिवेशनको पाचौं बैठक सम्माननीय अध्यक्ष गणेशप्रसाद तिमिल्सिनाको अध्यक्षतामा अपराह्न ०६:२७ बजे प्रारम्भ भयो।

सर्वप्रथम सम्माननीय अध्यक्षले सम्माननीय प्रधानमन्त्री पुष्पकमल दाहाल "प्रचण्ड" लाई सम्वत् २०८० साल जेठ ५ गते सम्माननीय राष्ट्रपति महोदयबाट नेपालको संविधानको धारा ९५ बमोजिम संघीय संसदको दुवै सदनको संयुक्त बैठकलाई गर्नुभएको सम्बोधनको प्रति टेबुल गर्न अनुमति दिनुभए पश्चात् सम्माननीय प्रधानमन्त्रीले उक्त सम्बोधनको प्रति सभा समक्ष टेबुल गर्नुभयो।

त्यसपछि, सम्माननीय अध्यक्षले माननीय सदस्य गोपी बहादुर सार्की आछामीलाई सम्माननीय राष्ट्रपतिबाट संघीय संसदको दुवै सदनको संयुक्त बैठकलाई गर्नुभएको सम्बोधनका लागि धन्यवादको प्रस्ताव प्रस्तुत गर्न अनुमति दिनुभएपश्चात् माननीय सदस्यले उक्त प्रस्ताव सभा समक्ष प्रस्तुत गर्नुभयो।

तत्पश्चात्, सम्माननीय अध्यक्षले माननीय सदस्य भैरव सुन्दर श्रेष्ठलाई उक्त प्रस्तावको समर्थन गर्न अनुमति दिनुभएपछि माननीय सदस्यले उक्त प्रस्तावको समर्थन गर्नुभयो।

तदुपरान्त, सम्माननीय अध्यक्षले माननीय सदस्य गोपी बहादुर सार्की आछामीले राख्नु भएको धन्यवादको प्रस्तावलाई निर्णयार्थ प्रस्तुत गर्नुहुँदा उक्त धन्यवाद प्रस्ताव सभाबाट सर्वसम्मतिले पारित भयो।

त्यसपछि, सम्माननीय अध्यक्षले सम्माननीय राष्ट्रपतिबाट गरिएको सम्बोधनमा उल्लिखित आर्थिक वर्ष २०८०।०८१ का लागि नेपाल सरकारको वार्षिक नीति तथा कार्यक्रममाथि छलफल गर्न मिति २०८० जेठ ७, ८ र ९ गतेका दिनहरू र सम्माननीय प्रधानमन्त्रीबाट जवाफ दिनका लागि मिति २०८० जेठ ९ गतेको दिन निर्धारण गरिएको ब्यहोरा जानकारी गराउनुभयो।

तत्पश्चात्, सम्माननीय अध्यक्षले आर्थिक वर्ष २०८०/०८१ का लागि नेपाल सरकारको वार्षिक नीति तथा कार्यक्रममाथि हुने छलफलमा भाग लिन चाहनुहुने माननीय सदस्यहरूको नाम दलीय प्रतिनिधित्वको आधारमा एक दिन अगावै कार्यव्यवस्था शाखा (राष्ट्रिय सभा) मा उपलब्ध गराइदिनुहुन अनुरोध गर्नुभयो साथै नेपाल सरकारको वार्षिक नीति तथा कार्यक्रममाथि संशोधनको सूचना २०८० जेठ ७ गते बिहान ११:०० बजेभित्र कार्यव्यवस्था शाखा (राष्ट्रिय सभा) मा दिन सकिने र संशोधनको सूचना फाराम पनि सोही शाखाबाट उपलब्ध हुने ब्यहोरा जानकारी गराउनुभयो।

तदनन्तर, सम्माननीय अध्यक्षले राष्ट्रिय सभाको अर्को बैठक **२०८० साल जेठ ७ गते आइतवार अपराह्न १ बजेर १ मिनेटमा** बस्ने गरी बैठक स्थगित भएको घोषणा गर्नुभयो।

(डा. भरतराज गौतम)
संघीय संसदको महासचिव